# नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
# सडक विभाग
# बबरमहल, काठमाडौं

## विभाग र परिसरको सरसफाई सेवा लिने सम्बन्धी शिलबन्दी प्रस्ताव आह्वानको सूचना

**प्रस्ताव सूचना नं. ०१।८१।८२**

**प्रकाशित मितिः २०८१।०५।०७**

यस विभागलाई आ.व.२०८१।०८२ को लागि आवश्यक कार्यालय सरसफाई सेवा आपूर्ति गर्न ईच्छुक नेपाल सरकारबाट स्वीकृति प्राप्त योग्य फर्म/संस्था/कम्पनीले देहायका शर्तहरुको अधिनमा रहि रित्तपूर्वकको शिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरुः**

१. प्रस्ताव सम्बन्धी कागजात यो सूचना प्रकाशित मितिले १५ औं दिनसम्मको कार्यालय समय भित्र पछि फिर्ता नहुने गरी रु३,०००।- नगदै वा यस विभागको राष्ट्रिय वाणिज्य बैङ्कको एकल कोष खाता नं.१०००१००२०००१०००० रहेको राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं.३३७०१३५२० मा नगद जम्मा गरेको सक्कल भौचर पेश गरी आफैं वा आफ्नो आधिकारिक प्रतिनिधि मार्फत निवेदन दिइ प्राप्त गर्न सकिनेछ। उक्त निवेदनसाथ फर्म/संस्था/कम्पनी दर्ता नविकरण भएको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता भएको प्रमाण पत्र, आ.व.२०७९।०८० सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी पेश गर्नु पर्नेछ।

२. पेश गरिने प्रस्तावको प्रत्येक पानामा सहिछाप गरी उक्त प्रस्तावको साथ जमानत वापत १२० (एक सय बीस) दिन म्याद भएको रु ७२,०००(बहत्तर हजार मात्र) बराबरको बैंक जमानत(विड वण्ड) वा यस विभागको राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको धरौटी खाता नं.१२०१२००००१००२५२४ र कार्यालय कोड नं. ३३७०१३५२० खातामा जम्मा गरेको सक्कल बैक भौचर संलग्न राखी सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनको १२:०० बजे भित्र यस विभागमा दर्ता गर्नु पर्नेछ।

३. सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनको १२:०० बजे भित्र विभागमा दर्ता हुन आएका सिलबन्दी प्रस्ताव सोही दिनको २:०० बजे भित्र प्रस्तावदाता वा निजको प्रतिनिधिका रोहवरमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन। प्रस्ताव सम्बन्धि कागजात खरिद वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्ने गएमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समयभित्र खरिद र दाखिला गर्ने सकिनेछ।

४. प्रस्ताव पेश गर्दा प्रत्येक आइटममा अंक र अक्षर दुवै प्रष्ट लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षर लेखिएको प्रस्ताव लाई मान्यता दिईनेछ।

५. रित नपुगी वा म्याद गुज्री आएका वा अन्य शर्त राखि पेश हुन आएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।

६. शिलबन्दी प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस विभागमा सुरक्षित रहनेछ।

७. यस सूचनामा उल्लेखित भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ।

८. प्रस्तावदाता स्वयंले उल्लेखित कार्यमा अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले कुनै सजाँय नपाएको भनी लिखित घोषणा पत्र पेश गर्नु पर्नेछ।

९. उपरोक्त बमोजिम सरसफाई सेवाको कार्यक्षेत्रगत शर्त र अन्य कुरा बुझ्नु परेमा यस विभागमा कार्यालय समयभित्र विभागको टेलिफोन नं.०१-५९७१२५३ मा सम्पर्क गर्न सकिने छ वा यस विभागको वेवसाईट www.dor.gov.np मा हेर्न सकिनेछ।

**तपशिलः**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | सम्बन्धित कार्यालय | लागत अनुमान (सरसफाई सामाग्री र भ्याट सहित) | जमानत रकम |
|---|---|---|---|---|---|
| १. | ०१।८१।८२ | सरसफाई सेवा कार्य | सडक विभाग | २९,०६,२४७.९३।- | ७२,०००।- |

पदम प्रसाद पोखेल
शाखा अधिकृत